त्रिभुवन विश्वविद्यालय
☎ ०२३-४८०२७५
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## गौरादह कृषि क्याम्पस
गौरादह, झापा, नेपाल

च.नं.
प.सं. ०८२।०८३

## सुरक्षा गार्ड आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।१०।१९**

यस गौरादह कृषि क्याम्पसका लागि तपशिल बमोजिमका कर्मचारी आवश्यक भएकोले सेवा ठेक्का करारमा कर्मचारी आपूर्ति गर्नका लागि नेपाल सरकारबाट इजाजत प्राप्त आपूर्तिकर्ता संस्था (Recruitment Company) हरुबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**आवश्यक विवरण :**

| क्र.सं. | कर्मचारी विवरण | आवस्यक संख्या |
|---|---|---|
| १. | सुरक्षा गार्ड | ३ |

**आवश्यक योग्यता तथा कामको विवरण :**

(१) उमेर : १८ वर्ष पुरा भई ५५ वर्ष ननाघेको ।
(२) शैक्षिक योग्यता : साधारण लेखपढ गर्न सक्ने ।
(३) तालिम : सुरक्षा सम्बन्धी आधारभुत तालिम प्राप्त ।
(४) कार्य/जिम्मेवारी : सुरक्षा गार्डले गर्नुपर्ने सम्पूर्ण कार्यहरु तथा क्याम्पस प्रशासनले तोकेका अन्य कार्यहरु गर्नु पर्ने ।
(५) सेवा अवधी : १ वर्ष ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी व्यवस्था :**

(१) दरभाउपत्र फारम शुल्क रु. १,०००।- (फिर्ता नहुने) दस्तुर लेखा शाखाबाट नगदै रसिद कटाई वा गौरादह कृषि क्याम्पसको नांममा नेपाल बैंक लिमिटेड, गौरादह शाखामा रहेको चल्ती हिसाब नं. ०८४००१०६५५३७७२००००२ मा नगद जम्मा गरको सक्कल बैंक भौचर यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बुझाए पश्चात दरभाउपत्र फारम लेखा शाखाबाट खरिद गर्न सकिनेछ ।

(२) यस क्याम्पसबाट खरिद गरेको दरभाउपत्र फारम नियमानुसार भरी सिलबन्दी गरी खाम बाहिर उपलब्ध गराउने सुरक्षा गार्ड सम्बन्धी विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र सम्पर्क नम्बर समेत उल्लेख गरी कार्यालयलाई सम्बोधन गरी १६ औं दिन (मिति २०८२।११।०५ गते) दिउंसो १२ :०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरुको दररेट सोही दिनको दिउंसो २ :०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए तापनि दरभाउपत्रको दररेट खोल्ने कार्यमा बाधा पर्ने छैन । दरभाउपत्रका साथमा आपूर्तिकर्ता संस्थाले निम्नानुसारका कागजातहरु समावेश गर्नु पर्नेछ ।

☎ ०२३-४८०२७५

च.नं.
प.सं. ०८२।०८३

---

(क) नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको र सम्बन्धित कार्य सम्पादनको उद्देश्य स्पष्ट उल्लेख भएको इजाजत पत्र ।

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र ।

(ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र ।

(घ) दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको र नेपाल सरकारले नियमानुसार तोकेको न्यूनतम तलब, भत्ता, विदा लगायतका सुविधा उपलब्ध गराउने स्वघोषणा ।

(ङ) सामाजिक सुरक्षा कोषमा सुचिकृत भएको प्रमाणपत्र ।

(च) सिलबन्दी दरभाउपत्र फारममा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनुपर्ने छ ।

(३) सेवा ठेक्का करारमा सुरक्षा गार्ड उपलब्ध गराउन कबोल गरेको वार्षिक कुल रकमको २.५ प्रतिशतले हुनआउने रकम धरौटी स्वरुप यस गौरादह कृषि क्याम्पसको नाममा नेपाल बैंक लिमिटेड, गौरादह शाखामा रहेको चल्ती हिसाब नं. ०८४००१०६५५३७७२००००००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ । दरभाउपत्र दाता फर्म/कम्पनीको छनोट पश्चात धरौटी रकम फिर्ता/फुकुवा गरिनेछ ।

(४) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम बैंक दाखिला गरी सोको बैंक भौचर लेखा शाखामा बुझाई संझौता गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

(५) सिलवन्दी दरभाउपत्रको दररेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ ।

(६) समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त, विपरित भएको दरभाउपत्र माथि कुनै कार्यवाही हुने छैन ।

(७) सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुल्ने दिनलाई मानिनेछ ।

(८) सिलवन्दी दरभाउपत्रको कागजात, स्पेसिफिकेशन, परिमाण, सूचना आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सच्याउन वाधा पर्ने छैन ।

त्रिभुवन विश्वविद्यालय ☎ ०२३-४८०२७५

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## गौरादह कृषि क्याम्पस

गौरादह, झापा, नेपाल

च.नं.

प.सं. ०८२।०८३

(९) सारभुत रुपमा प्रभावकारी दरभाउपत्रहरु मध्ये कबोल रकम समान भएको खण्डमा गोलाप्रथाद्धारा आपूर्तिकर्ता छनोट गरिनेछ। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

(१०) अन्य व्यवस्थाहरु त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० ( २०७९/०३/२४ गतेसम्मको संशोधन सहित) परिच्छेद-१४ को नियम ५७ बमोजिम हुनेछन्।

(११) थप जानकारीको लागि क्याम्पस प्रशासनमा सम्पर्क गर्न सकिनेछ।

**सिलबन्दी दरभाउपत्र तालिका :**

(१) पहिलो पटक सूचना प्रकाशित मिति :- २०८२।१०।१९

(२) दरभाउपत्र खरिद गर्ने अन्तिम मिति :- २०८२।११।०४ (कार्यालय समय भित्र)

(३) दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८२।११।०५ गते दिनको १२ :०० बजेसम्म

(४) दरभाउपत्रको दररेट खोल्ने मिति र समय :- २०८२।११।०५ गते दिनको ०२ :०० बजे

(५) दरभाउपत्र खोल्ने स्थान :- गौरादह कृषि क्याम्पस, गौरादह, झापा।

(६) दरभाउपत्र नम्बर :- 01/GAC-Sec/2082/083

*(पूनश्च :- कार्यालयले तोकेको ढाँचाको फारम मात्र स्वीकृत दरभाउपत्र फारम मानिने छ। उल्लेखित विवरणहरु अनिवार्य भर्नु पर्नेछ।)*

क्याम्पस प्रमुख

सम्पर्क नं. ९८५११३८९९९

कार्यालयको फोन नं. ०२३-४८०२७५

सुबोध खनाल

क्याम्पस प्रमुख